# नेपाल गजेट

## भाग १

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं मार्ग ११ गते २०१५ साल [अतिरिक्ताङ्क १७


### श्री ५ को सरकार

### मुख्य सचिवको विभाग

श्री ५ महाराजाधिराजबाट २०१५ साल मार्ग ११ गते रोज ४ का दिन सल्लाहकार सभालाई बक्सेको शाही सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरीएको छ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि बिबिध बिरुदावली बिराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वलनेपालतारा अतिओजस्वि त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डरइनचीफ श्री ५ महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम सदा समर बिजयिनाम्

### शाही सम्बोधन

सल्लाहकार सभाका अध्यक्ष र सदस्यहरू,

सबैलाई आज यहां स्वागत सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ। मुलुकको बर्तमान अबस्थामापनि देशका बिभिन्न भागबाट जम्मा भएका सदस्यहरूको राय सल्लाह र सहयोग मेरो सरकारलाई प्राप्त होस् भन्ने अभिप्रायले यो सभाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९६



आव्हान भएको छ। देशको सुख शान्ति र जनताको भलाइको एक मात्र पवित्र उद्देश्यले सबै सदस्यहरूले यस सभामा भाग लिनेछन् भन्ने हामीलाई लागेकोछ।

परराष्ट्र तर्फको सम्बन्धमा हामीसित दौत्य सम्बन्ध भएको मुलुकहरूको संख्या ११ पुगेको छ। साबिकमा बिलायतस्थित राजदूतलाई नै अमेरिकाको पनि राजदूतको काम गराई आएकोमा यस पालि देखि अमेरिकामा छुट्टै राजदूतावास कायम गराइएको छ। चीन-सित भएको नयां सम्झौता बमोजिम ल्हासामा भएको वकिल अड्डाको ठाउँमा शाही कन्सुलेट जनरलको स्थापना गरिएको छ। औपचारिक दौत्य सम्बन्ध बाहेक सांस्कृतिक र शिष्ट-मण्डलहरूको आबत जावतबाट हाम्रो मित्र राष्ट्रहरू सितको सम्बन्ध बलियो हुन गएकोछ।

मेरो सरकारले शिक्षाको बिकाश तर्फ पनि ध्यान दिंदै आएको छ। आगामी दश वर्ष भित्र मुलुकमा अनिवार्य निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था गर्ने सरकारले अठोट गरेको छ, मुलुकमा हाल २२०० प्राथमिक, ३६० माध्यमिक र ६० प्रधान शिक्षालयहरू, ६ इण्टर कलेज र १२ डिग्रीकलेज चालुछन्। नेपाल अकाडेमीको स्थापना भै सकेको र विश्वविद्यालयको शिलान्यास भैसकेको छ। तीनधारा पकशाला छात्रावासमा विद्यार्थी र स्नातकहरूलाई बस्ने ठाउँको संख्या १०६ को दरबन्दी कायम गरिएकोछ। शिक्षालयहरूमा एकनासको पाठ्यक्रम चलाउने र नेपाली भाषामा उत्तम ग्रन्थहरू तैयार गराई प्रकाशन गराउने व्यवस्था चाँडै हुने भएको छ।

न्याय र सरकारी प्रकाशनयन्त्रलाई. जनताको सेवाको निम्ति सुधार गर्ने तिर पनि सरकारको ध्यान गएको छ। यातायात र संचारको सुविधा बढाउने तर्फ पनि सरकारले विशेष ध्यान दिएको छ। मुलुक भरी आकाशबाणीको शीघ्र एकीन व्यवस्था हुन लागेको छ र नेपाल समेत तीन देशको सामूहिक सहयोगबाट मुलुक भरी ९०० [नौसय] माइल सडक बनाउने संस्थाको स्थापना भैसकेकोछ। ठाउँ ठाउँमा बन्न लागेको र तयार भएको बाटो मध्ये त्रिभुवनराज पथ, हेटौंडा नारायणगढको मार्ग, सुनौली बुटवलको बाटो र टीकाभैरबको बाटो विशेष उल्लेखनिय छ। रोयल नेपाल एयर-लाइन्स नामक एक नेपाली कम्पनीले देशको आन्तरिक हवाई सेवा चालू गराएको छ।-साथै हुलाकको समुचित व्यवस्था तिर सरकारले विशेष ध्यान दिन लागेको छ। संयुक्त राष्ट्रसंघ र अरू अन्तरराष्ट्रीय संस्थाहरूबाट र मित्रराष्ट्रहरूबाट प्राप्त भएको सहुलियत, सहायता र प्राबिधिक मद्दतको निम्ति हाम्रो हार्दिक धन्यबाद व्यक्त नगरि रहन सकिन्न।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुलुकको निर्माणको काममा राष्ट्रिय सेनाले दिलचस्पी ली काम गरेको छ। सेनाकै तत्वावधानमा टीकाभैरबको बाटो बनाउने प्रशंसनीय काम भैरहेको छ। राष्ट्र निर्माणको अरू काममा पनि हाम्रो बहादुरसेना अग्रसर गराइनेछ।

देशको बिभिन्न भागको परिस्थितिको ज्ञानको निमित्त हामीले ठाउँ ठाउँमा स्वयम भ्रमण गर्ने गरिआएको सिलसिलामा यसपालीको पौष महीनामा पश्चिम तर्फको केही जिल्लाहरू तिर यात्रा गर्ने हाम्रो इरादा छ।

मुलुकको प्राकृतिक धनको उपयोग द्वारा जनताको भलाइको निमित्त मुख्यत उत्पादन बढाई सकेसंम सरल तरिकाले बराबरीसित बितरण गर्न आवश्यक छ। लोक हितकारी राज्यकायम गर्ने दीशा तर्फ व्यबहारिक कदमहरू कसरी शीघ्र उठाउन सकिन्छ भन्ने कुरामा यस सभाका सदस्यहरूले बिशेष ध्यान दिनेछन् भन्ने हाम्रो आशाछ।

यही २०१५ साल फाल्गुण ७ गते देशमा सर्व प्रथम आम चुनाव शुरू गराउने व्यवस्था भएको छ। यो महान कामलाई शान्तीपूर्वक कानूनबमोजिम सम्पन्न गराउनालाइ आवश्यक बाताबरणको सृजना गर्न र यस सभामा कामकाजबाट अब गठन हुने संसद्लाइ उपयोगी अनुभवको पूँजी जम्मा गर्न सबै सदस्यहरूलाई हाम्रो बिशेष आग्रह छ।

ऋण मोचन, बिदेशी मुद्रा प्राप्ती, कलकारखाना र मजदूर बारे, बाल बिबाह निषेध गर्ने बिषयमा र सहकारी संस्था बारेका विधेयकहरू सभाको बैठकमा पेश गर्ने मेरो सरकारले बिचार गरेकोछ।

देश बनाउने काममा सबै सदस्यहरूलाई निस्वार्थ भावले सेवा गर्ने दिल र बल श्री पशुपतिनाथले प्रदान गरून्— यही हाम्रो प्रार्थना छ।

जय नेपाल।

आज्ञाले—
चन्द्रबहादुर थापा,
श्री ५ को सरकारको मुख्य सचिव,
मुख्य सचिवको बिभाग.

---

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।